कर्मचारी निर्देशिका

DC सप्लिमेन्ट

VS&Co

VICTORIA'S SECRET & CO.

विषय सूची

यो सप्लिमेन्ट (पूरक) लाई कसरी प्रयोग गर्ने. 01

उपस्थिति नीति 01
रिपोर्ट-इन तलब. 01

प्रगतिशील अनुशासन 01

सफलताका लागि पहिरन 01

व्यक्तिगत सामानहरू 02
कार्यस्थलमा हेडफोनहरू. 02

सुरक्षाको महत्व छ 02
वितरण केन्द्रका कर्मचारीका लागि सुरक्षा कार्यक्रम 02
सुरक्षासम्बन्धी सञ्चारहरू 02
काम गर्दा चोटपटक लागेको सम्बन्धी रिपोर्टिङ र खतरामा सुधार. 02
काममा चोटपटक लाग्ने सम्बन्धी प्रश्नहरू 03
काम गर्दा चोटपटक लागेपछि उपलब्ध प्रतिबन्धित कर्तव्य 03
मेडिकल उपचार. 03
प्रेस्क्रिप्सनहरू. 03
चोटपटक लाग्न नदिने. 03
सुरक्षा कटरहरू 03
ट्यागिङ गनहरू. 03
सुरक्षित लिफ्टिङ/एर्गोनोमिक्स. 03
सामान उचाल्दा अपनाउनुपर्ने सामान्य सावधानीहरू 03
कन्भेयरको सुरक्षा. 03
जाम खाली गर्ने र जाम खाली गर्दा भर्याङको प्रयोग 04
विस्तारयोग्य कन्भेयरहरू. 04
होहल्लाको स्तर. 04
उर्जायुक्त औद्योगिक वाहन (PIV) सम्बन्धी सुरक्षा 04
PIV हरूका लागि लड् नबाट सुरक्षा र सार्न मिल्ने द्वारहरू भएका उठाइएका किनाराहरू. 05

हाउसकिपिङ 05
रद्दी/कोरगेट कम्प्याक्टरहरू 05

प्राथमिक उपचार र रगतबाट सर्ने प्याथोजेनहरू 06

रासायनिक सुरक्षा र खतरासम्बन्धी सञ्चार. 06
सिपिङ र डिस्पोजल. 06

विद्युतीय सुरक्षा. 06
स्टिमर सुरक्षा 06

प्राकृतिक तथा अन्य विपत्तिहरू 07
आगलागीको रिपोर्टिङ गर्ने र आगलागी भएको ठाउँबाट निस्किने 07
आकस्मिक बत्ती तथा बाहिरिने सङ् केतहरू र आगो निभाउने यन्त्रहरू. 07
आगो निभाउने यन्त्रहरू 07
कार्यस्थलमा आगलागी हुनबाट जोगाउने 07
गम्भीर मौसम 07
भुमरी/गम्भीर मौसम 08
भूकम्प 08

यो सप्लिमेन्ट (पूरक सामग्री) लाई कसरी प्रयोग गर्ने

DC (वितरण केन्द्र) पूरक सामग्रीमा हाम्रा वितरण केन्द्रका कर्मचारीहरूका लागि विशेष नीति, प्रक्रिया र मार्गदर्शक नियमहरू समेटिएका छन् र यसलाई अन्य कर्मचारी निर्देशिका खण्डहरूसँगै मिलाएर प्रयोग गरिनुपर्छ । कर्मचारीहरूले यो पूरक सामग्रीमा भएका जानकारीका साथै सबै कर्मचारीहरूलाई लागू हुने नीतिहरू समेटिएका मुख्य कर्मचारी निर्देशिका अध्ययन गरी त्यसमा रहेका कुराहरूका बारेमा पूर्ण रूपमा जानकार रहनुपर्छ ।

उपस्थिति नीति

हाम्रो उपस्थितिसम्बन्धी नीतिमा व्यवसायका आवश्यकताहरूलाई सन्तुलनमा राख्दै अनियोजित ढङ्गबाट काममा हुने अनुपस्थितिलाई व्यवस्थापन गर्ने व्यवस्थित र सुसङ्गत विधिको व्यवस्था गरिएको छ ।

अनियोजित र अस्वीकृत अनुपस्थिति, ढिलो आउने वा चाँडै निस्कने कार्यलाई PTO नै प्रयोग गरिएको भए पनि एक घटनाको रूपमा गणना गरिने छ । सबै घटनाहरू निर्धारित कार्य दिनमा आधारित हुन्छन् । निर्धारित कार्य दिन भनेको काम गर्नुपर्ने भनेर कुनै पनि ओभरटाइमसहित तपाईंलाई तोकिएको समय र दिनहरूको सङ्ख्या हो । तपाईंले अनुपस्थित हुनु वा ढिलो आइपुग्नुको कुनै कारण दिन आवश्यक छैन ।

उपस्थिति 12-महिने आर्थिक वर्ष समीक्षा अवधिमा गणना गरिन्छ र वार्षिक कार्यसम्पादन समीक्षामा समावेश गरिन्छ ।

रिपोर्ट-इन तलब

तपाईं निर्धारित कार्य दिनमा काममा उपस्थित हुनुभयो र कामको अभाव वा कार्यस्थलमा असामान्य अवस्था भएको कारणले तपाईंलाई घर पठाइयो भने, तपाईंले रिपोर्ट-इन तलब प्राप्त गर्नुहुने छ । मुख्य र मौसमी पूर्णकालीन कर्मचारीहरूलाई काम गरेको वास्तविक घण्टा वा चार घण्टा (रिपोर्ट-इन तलब) मध्ये जुन धेरै हुन्छ, त्यति भुक्तानी गरिने छ । मुख्य र मौसमी आंशिककालीन कर्मचारीहरूलाई काम गरेको वास्तविक घण्टा वा दुई घण्टा (रिपोर्ट-इन तलब) मध्ये जुन धेरै हुन्छ, त्यति भुक्तानी गरिने छ ।

चाँडै घर जाने कर्मचारीहरूलाई उनीहरूले काम गरेको समयबापतको भुक्तानी मात्र दिइने छ र उनीहरू रिपोर्ट-इन तलबका लागि योग्य हुने छैनन् । अनुशासनात्मक कारबाही वा अन्य नीतिगत उल्लङ्घन गरेको कारणले घर पठाइएका कर्मचारीहरू रिपोर्ट-इन तलबका लागि योग्य हुने छैनन् ।

प्रगतिशील अनुशासन

तपाईंबाट कार्यसम्पादन मापदण्ड पूरा गर्ने र कार्यस्थलमा उचित ढंगले व्यवहार गर्ने अपेक्षा राखिएको छ । कोचिङ र कार्यसम्पादनको प्रतिक्रिया जस्ता अन्य विधिहरू सफल नभएको खण्डमा अस्वीकार्य व्यवहार वा कार्यसम्पादन सुधार गर्न सुधारात्मक कारबाही गर्न सकिने छ ।

हामी कर्मचारीहरूलाई कार्यसम्पादनमा सुधार गर्ने अवसर छ भन्ने कुरा बुझ्नमा मद्दत गर्न प्रगतिशील अनुशासनात्मक कारबाही प्रयोग गर्दछौँ । कुनै सुधार भएन वा घटनाहरू दोहोरिरहन्छन् भने, थप सुधारात्मक कदम उचित हुन सक्छ । उत्पादकता र शुद्धता, उपस्थिति, सुरक्षा र टिमवर्कमा लगातयका कुनै पनि कार्यसम्पादन श्रेणीमा प्रगतिशील अनुशासनात्मक कदमको लाभ उठाउन सकिन्छ ।

सफलताका लागि पहिरन

सकारात्मक र सुरक्षित कार्य अनुभव प्रदान गर्न हाम्रा पोसाक नियमावलीसम्बन्धी मार्गनिर्देशनहरू महत्त्वपूर्ण छन् । पोसाक नियमावलीसम्बन्धी मार्गनिर्देशनहरू पालना नगरेमा कर्मचारीहरूलाई घर पठाउन सकिने छ र/वा कामबाट निकाल्नेसम्मको अनुशासनात्मक कारबाही गर्न सकिने छ ।

प्यान्टहरू

- प्यान्ट र सर्टहरू हेम वा कफ गरिएको हुनुपर्दछ र कम्तीमा घुँडाको शीर्ष भाग र तिघ्राको शीर्ष भागको बिचमा हुनुपर्दछ ।

कमिजहरू

- सर्ट (कमिज) हरू सधैँ लगाइराख्नुपर्ने छ ।
- कुनै मसल, कट-आउट, क्रप, मिड्रिफ, स्पागेटी स्ट्र्याप वा स्ट्र्यापलेस टपहरू लगाउन पाइँदैन ।
- ठुलो साइजका सर्टलाई प्यान्टभित्र घुसाउनुपर्छ र बाहुला पाखुराको नजिक हुनुपर्छ ।

कोट ज्याकेट तथा हुडीहरू

- अल्झिने खतरा नभएसम्म लाइट ज्याकेट र हुडीहरू लगाउन पाइन्छ ।
- डकमा काम गर्दा र अल्झिने खतरा नभएमा मात्र कोटहरू लगाउन पाइन्छ ।
- हुड माथि तानेर लगाउन पाइँदैन ।
- ड्रस्ट्रिङहरू बाँधिएको वा प्यान्टभित्र घुसाइएको हुनुपर्दछ र तीन इन्चभन्दा बढी झुण्डिएको हुनुहुँदैन ।

फुटवेयर

- जुत्ताले पूरै खुट्टा ढाक्नुपर्दछ ।

कपाल र टाउको ढाक्ने कभरिङहरू

- कपाल र कपालमा लगाउने सामानहरू अनुहारबाट टाढा र नेकलाइनभन्दा माथि हुनुपर्दछ ।
- कर्मचारीको टाउकोमा रहेका काँधभन्दा मुनि झुण्डिने कुनै पनि कुरा क्लिपले बाँध्नुपर्छ, भित्र घुसाउनुपर्छ वा हटाउनुपर्छ ।
- बेसबल ह्याट वा बुनेको टोपी लगाउन मिल्छ ।

गहना तथा अन्य त्यस्तै सामानहरू

- सनग्लासहरू लगाउन मिल्दैन ।
- कलर बोनमुनि झुण्डिने गहना सर्टभित्र लुकाउनुपर्छ ।
- घडी र ब्रेसलेट नाडीमा कसिएको हुनुपर्छ ।

व्यक्तिगत सामानहरू

क्लियर ब्यागहरूमा राखिएको बाहेक सबै झोला र व्यक्तिगत सामानहरू निश्चित स्थानमा राख्नुपर्दछ । क्लियर ब्यागहरू कर्मचारीको कार्यस्थलमा राख्न सकिने छ । कर्मचारीहरूले निजी सामान राख्न कम्पनीबाट क्लियर ब्यागको अनुरोध गर्न सक्ने छन् । दिउँसोको खाना बोक्ने भाँडा लकरमा वा विश्राम कक्षमा तोकिएको तखतामा राख्नुपर्दछ ।

कार्यस्थलमा हेडफोनहरू

प्रशिक्षणमा नहुँदा, कर्मचारीहरूले हेडफोन/इयरबडसहितको सानो पोर्टेबल इलेक्ट्रोनिक्स वा मोबाइल उपकरण स्वीकृत कार्यक्षेत्रमा प्रयोग गर्न सक्ने छन् । हरेक DC सँग सम्बन्धित स्थानहरूका बारेमा स्पष्टताका लागि तपाईंको प्रशिक्षक वा प्रमुखसँग परामर्श लिनुहोला ।

तपाईंको र अरूको सुरक्षाका लागि हेडफोनको प्रयोग निषेध गरिएको छ:

- विद्युतीय उपकरणहरू प्रयोग भइरहेका स्थानहरूमा
- कुनै पनि विद्युतीय उपकरण, ट्रयास कार्टहरूमा वा स्क्रबर चलाउँदा
- गल्लीहरूमा
- सामान प्राप्त गर्ने डकमा
- उपकरण चलाइरहेको बेलामा
- हेडफोन प्रयोग गर्दा एक वा बढी कर्मचारीहरूका लागि सुरक्षा चिन्ता निम्त्याउने कुनै पनि क्षेत्र
- शौचालय, विश्राम क्षेत्र र क्याफेटेरिया वा अन्य कुनै पनि प्रतिबन्धित क्षेत्रहरूमा आवतजावत गर्दा ।

सुरक्षा महत्त्वपूर्ण छ

वितरण केन्द्रका कर्मचारीका लागि सुरक्षा कार्यक्रम

यो कम्पनी सुरक्षित र स्वस्थ कार्य वातावरण प्रदान गर्न प्रतिबद्ध छ । हामी हामीले कार्यसञ्चालन गरिरहेका सबै स्थानहरूमा स्वास्थ्य र सुरक्षासम्बन्धी कानुनको पालना गर्छौं । एक कर्मचारीको नाताले, तपाईंले यसमा र कुनै विशेष सुरक्षा प्रशिक्षणमा दिइएका सबै कार्यविधिहरूको बारेमा जानकार रहने र पालना गर्ने अपेक्षा गरिन्छ । तपाईंले कुनै पनि असुरक्षित वा अस्वस्थ्यकर कार्य अवस्था, अभ्यास वा प्रक्रियाहरूका बारेमा तुरुन्तै आफ्नो व्यवस्थापकलाई रिपोर्ट गर्नुपर्ने हुन्छ ।

सुरक्षा नियम तथा प्रक्रियाहरूको पालना गर्न नसक्दा कार्यस्थलमा हुने दुर्घटनाहरूको कारण बन्न सक्छ वा निम्त्याउन सक्दछ, जसको परिणामस्वरूप चोटपटक लाग्ने, सम्पत्ति वा उपकरणमा क्षति पुग्ने वा झण्डै दुर्घटना घट्ने हुन सक्छ ।

सुरक्षासम्बन्धी सबै घटनाहरूको अनुसन्धान गरिने छ (यसमा सम्पत्तिको क्षति र झण्डै हुन लागेका दुर्घटनाहरू पनि पर्दछन्) । घटनाको विवरण र सुरक्षासम्बन्धी दुर्घटना निम्त्याउने कुनै मूल कारणहरूका सम्बन्धमा रिफ्रेसर प्रशिक्षण (लागू हुँदा) रेकर्ड गरेर राखिने छ ।

सुरक्षासम्बन्धी सामान्य नियमहरू

- लापरवाहीपूर्ण व्यवहार निषेधित छ ।
- DCs मा दौडन पाइँदैन ।
- बिजुली र विद्युतीय प्रणालीको काम अनुमतिप्राप्त कर्मचारीहरूले मात्र गर्न सक्ने छन् ।
- पावरयुक्त औद्योगिक वाहनहरू (PIV) प्रशिक्षित र कम्पनीद्वारा प्रशिक्षण र प्रमाणपत्र प्राप्त गरेका कर्मचारीहरूले मात्र सञ्चालन गर्न सक्ने छन् ।
- मेसिनरी र मोटरचालित उपकरणको मर्मत-सम्भार गर्दा सबै लक-आउट/ट्याग-आउट प्रक्रियाहरू पालना गर्नुहोस् ।
- स्टक पिकर वा क्रेनहरू सञ्चालन गर्दा र DCs का तोकिएका क्षेत्रहरूमा कार्य गर्दा आवश्यक परेसम्म लड्नबाट बचाउने सुरक्षा उपकरणहरू जहिले पनि लगाएको हुनुपर्दछ ।
- अपवाद: कारखाना प्राविधिज्ञहरूले मर्मत क्षेत्र वा कारखाना पसलमा "तल" तिर लिफ्ट चलाउँदा लड्नबाट बच्ने सुरक्षा उपकरण लगाउनुपर्दैन ।
- चिकित्सकले तोकेका कार्य प्रतिबन्धहरू र कुनै पनि प्रतिबन्ध समायोजन गर्न परिवर्ती कार्य असाइनमेन्टहरूको पालना गर्नुहोस् ।
- ट्रेलरमा प्रवेश गर्नुअघि ट्रेलर लकहरू संलग्न गर्नुहोस् ।
- कम्पनीद्वारा प्रदान गरिएका क्रस-ओभर र गेटहरू प्रयोग गर्नुहोस् । चलिरहेको कन्भेयरहरूको माथि हिँड्ने, उभिने, हाँक्ने वा चढ्ने कार्य निषेध गरिएको छ । अपवाद: कारखाना सेवा कर्मचारीहरूले लक-आउट प्रक्रियाहरू प्रयोग गर्दै कन्भेयर मर्मत गर्न अधिकृत पहुँच प्राप्त गरेका छन् ।

सुरक्षासम्बन्धी सञ्चार

कर्मचारीहरूलाई कुनै प्रतिशोधको डरविना आफ्नो सुपरभाइजरलाई काम गर्ने ठाउँमा हुने खतराबारे कुरा गर्न प्रोत्साहन गरिन्छ । DC सुरक्षा सञ्चार प्रणालीमा निम्न कुराहरू समावेश छन्: साझा क्षेत्रमा पोस्टर, ब्यानर र इलेक्ट्रोनिक डिस्प्ले, विभागीय स्टार्ट-अप बैठक, अनबोर्डिङ प्रशिक्षण, सुरक्षा टोलीको बैठक र अन्य समयमा प्रस्तुत गरिएका सुरक्षा विषयहरू ।

काममा चोटपटक लागेको सम्बन्धी रिपोर्टिङ र खतराको सुधार

कर्मचारीलाई काम गर्दा घटेका सबै घटनाहरू, चोटपटक र बिमारीका बारेमा तुरुन्तै आफ्नो सुपरभाइजर र सम्पत्ति संरक्षण निकायलाई रिपोर्ट गर्नुपर्दछ ।

कुनै कर्मचारीलाई चिकित्साकर्मीको हेरचाहमा राखिएपछि, HR डायरेक्टलाई सम्पर्क गर्नुहोस् । घाइते र बिरामी कर्मचारीले उचित र समयमै कुनै पनि आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्ने कुरा सुनिश्चित गर्नका लागि तुरुन्तै सूचित गर्नु महत्वपूर्ण हुन्छ ।

कामसँग सम्बन्धित चोटपटक पुग्ने कर्मचारीहरू श्रमिक क्षतिपूर्तिका लागि योग्य हुन सक्छन् । काममा हुँदा चोटपटक लागेमा कुन-कुन कदम चाल्नुपर्छ भन्ने बारेमा जानकारीका लागि HR Access मा रहेको "लाभसम्बन्धी जानकारी" हेर्नुहोस् र/वा कुनै पनि प्रश्न भएमा HR Direct (सम्पर्क खण्डमा हेर्नुहोस्) मा सम्पर्क गर्नुहोस् ।

कर्मचारीहरूले कुनै पनि सुरक्षा खतरा, सम्पत्ति क्षति (वा झण्डै हुन लागेका घटनाहरू) का बारेमा जतिसक्दो चाँडो सुपरभाइजरलाई रिपोर्ट गर्नुपर्छ ताकि खतरा बढ्न नदिन सुधार/मर्मत गर्न सकिन्छ । कुनै पनि शारीरिक खतरा पहिचान गर्नका लागि हरेक महिना सुरक्षा निरीक्षण गर्ने गरिन्छ ।

काममा चोटपटक लाग्ने सम्बन्धी प्रश्नहरू
काममा चोटपटक लाग्ने सम्बन्धी प्रश्न भएका सबै कर्मचारीहरूले 1.888.877.4730 डायल गरी HR Direct लाई सिधा कल गरी आफ्नो श्रमिक क्षतिपूर्ति केस प्रबन्धकसँग कुरा गर्न अनुरोध गर्नुपर्ने छ ।

काममा चोटपटक लागेपछि उपलब्ध प्रतिबन्धित कर्तव्य
कुनै कर्मचारीलाई काममा चोट लागेको छ भने, चिकित्सकले अस्थायी रूपमा काम गर्न सकिने प्रतिबन्ध लगाएको छ भने प्रतिबन्धित कर्तव्य उपलब्ध हुन सक्छ ।

मेडिकल उपचार
काममा चोटपटक लागेका कर्मचारीहरूलाई अनसाइट DC 5 स्वास्थ्य केन्द्रमा उपचार गराउन प्रोत्साहित गरिन्छ । क्लिनिकमा पहुँच नभएका कर्मचारीहरूको हकमा, चोटपटकबारे रिपोर्ट गर्न 1-833-356-2471 डायल गरी कोभेन्ट्री नर्सलाई फोन गर्नुहोस् । तपाईंलाई कार्यक्षेत्रमा चिकित्सीय प्रदायकहरूको सूची पनि प्रदान गरिने छ ।

प्रेस्क्रिप्सनहरू
काममा चोटपटक लागेर उपचारका लागि प्रेस्क्रिप्सन औषधि आवश्यक परेमा, 1.844.276.2515 डायल गरी myMatrixx (दिनको 24 घण्टा, हप्ताको 7 दिन) मा सम्पर्क गरी सुरुको प्रेस्क्रिप्सन औषधिहरू लिन सकिन्छ (स्थान कोड 15405, ग्रुप नम्बर NZEA) । घाइते कर्मचारीलाई उनीहरूको नाम, सामाजिक सुरक्षा नम्बर, चोटपटक लागेको मिति र रोजगारदाताको नाम सोधिने छ । पछिका प्रेस्क्रिप्सनहरू कसरी प्राप्त गर्ने भन्ने सम्बन्धी जानकारीका लागि, कर्मचारीहरूले आफ्नो दाबी प्रशासकलाई सम्पर्क गर्नुपर्ने छ ।

चोटपटक लाग्न नदिने
धेरै कार्य क्षेत्रहरूमा धारिला वस्तुहरू हुन्छन् । यदि राम्रोसँग ह्यान्डल गरिएन भने, यी वस्तुहरूले काट्ने र घाउचोट लाग्ने हुन सक्छ । यदि धारिला वस्तुले घाउ लाग्यो भने ती वस्तुहरू तोकिएको धारिलो वस्तु राख्ने भाँडामा राखेर ठीक तरिकाले व्यवस्थापन गर्नुपर्दछ । चोटपटक लाग्ने धारिला वस्तुलाई ह्याण्डल गरेपछि सधैँ हात धुनुहोस् । मेसिन र कन्भेयरमा भएका सबै धारिला किनाराहरूका बारेमा आफ्नो सुपरभाइजरलाई रिपोर्ट गर्नुहोस् ।

सुरक्षा कटरहरू
स्वीकृत सुरक्षा कटरहरू मात्र प्रयोग गर्नुहोस् । कर्मचारी सुरक्षाका लागि स्वतः रिट्र्याक्टिङ ब्लेड भएको सुरक्षा कटर र/वा गार्ड प्रदान गरिन्छ । सधैँ आफू र अरू साथीहरूबाट विपरीत दिशातिर काट्नुहोस् र तपाईंको हात र शरीर ब्लेडको मार्गमा नरहेको सुनिश्चित गर्नुहोस् । बोधो भएका ब्लेड बदल्नुहोस् । प्रयोग गरिएका ब्लेडहरू पर्हेलो साप्र्स (धारिला वस्तु राख्ने) भाँडोमा राख्नुहोस् ।

ट्यागिङ गनहरू
यदि ट्यागिङ गन प्रयोग गर्दा सुईले तपाईंलाई घोचेको छ भने सुई र घोचेको ठाउँ सफा गर्नुहोस् । सियोलाई कीटाणुशोधन गर्न उपलब्ध कीटाणुनाशक प्रयोग गर्नुहोस् ।

सुरक्षा लिफ्टिङ/एर्गोनोमिक्स
ढाडमा चोट लाग्न नदिन तल दिइएका उचित उचाल्ने तरिकाहरू अपनाउनुहोस्:

- वस्तुतर्फ फर्किनुहोस् र सकेसम्म नजिक पुग्न खुट्टाहरूलाई वस्तुको अगाडि विकर्ण रूपमा राख्नुहोस् ।
- खुट्टालाई 6–12 इन्चको दूरीमा राखेर एक खुट्टा अर्को खुट्टाको अगाडि अलि कसेर राख्नुहोस् ।
- ढाड नबङ्ग्याउनुहोस्, घुँडा खुम्च्याउनुहोस् ।
- ढाड सीधा राख्नुहोस् र पेटको मांसपेशी कसेर राख्नुहोस् ।
- सामान उचाल्नका लागि खुट्टा र शरीरको तल्लो भाग प्रयोग गर्नुहोस् ।
- खुट्टाले शरीरलाई बिस्तारै र महीन गरी माथि धकेल्न दिनुहोस् । सामान उचाल्दा चाल सहज र बिस्तारै हुनुपर्छ ।
- भारी उठाउँदा वा बोक्दा यात्राको दिशा परिवर्तन गर्नुपर्छ भने खुट्टा घुमाउनुहोस् र पूरै शरीर घुमाउनुहोस् । कम्मर नमोड्नुहोस् ।
- भारी वस्तुलाई तल राख्दा घुँडा मोडेर वस्तु बिस्तारै तल राख्नुहोस् र खुट्टा तथा तल्लो शरीरलाई काम गर्न दिनुहोस् ।

सामान उचाल्दा अपनाउनुपर्ने सामान्य सावधानीहरू

- वस्तुलाई आवश्यक स्थानमा धकेल्ने/तान्ने प्रयास गरेर सार्दै वस्तु सार्नुपर्ने तेर्सो दूरी घटाउनुहोस् ।
- काम गर्ने ठाउँको भुइँ स्पष्ट छ कि छैन पक्का गर्नुहोस् ।
- यदि उठाउनुपर्ने वस्तु भारी वा ठुलो छ भने, अर्को कर्मचारीबाट मद्दत लिनुहोस् र/वा उठाउन सजिलो बनाउन वस्तुलाई भाग–भाग पार्नुहोस् ।
- भारी सामानहरू सार्न डली, गाडा, प्यालेट ज्याक वा सञ्चालित औद्योगिक गाडी प्रयोग गर्नुहोस् ।
- सामानहरू टाउकोमाथि उठाएर उचाल्ने, बोक्ने र थुपार्ने काम कम गर्नुहोस् ।
- ढाडको चोट कम गर्न ब्याक बेल्टको प्रयोग फाइदाजनक साबित भएको छैन । कम्पनीले ब्याक बेल्टको सिफारिस गर्दैन र यो उपलब्ध पनि गराउँदैन ।
- ट्रेलरमा उचाल्दा माथिल्लो तहसम्म पुग्न सानो (2 चरण) चरणको भर्याङ प्रयोग गर्नुहोस् । ट्रेलरमा तल्लो तहका बाकसमा नचढ्नुहोस् । सानो भर्याङ ठेस लाग्ने खतरा नबनोस् भनेर पक्का गर्नुहोस् ।

कन्भेयर सुरक्षा
कुनै कारणले गर्दा हात वा शरीरका अन्य भागहरू कन्भेयरमा (कन्भेयर बेल्टमुनि/वा रोलरको बिचमा) नराख्नुहोस् । कन्भेयरमा कुनै समस्या भएमा वा अल्झिएमा आकस्मिक तान्ने डोरी र/वा आकस्मिक स्टप बटन (ई-स्टप) प्रयोग गर्नुहोस् ।

जाम खाली गर्ने र जाम खाली गर्दा भर्‌याङको प्रयोग

प्रशिक्षित DC प्रमुखहरूले मात्र कन्भेयर जाम खाली गर्न सक्छन् । जाम सफा गर्दा आफ्नो शरीरको सबै भाग कन्भेयर र जामबाट हटाउनुहोस् । जाम सफा गर्न खम्बाहरू प्रयोग गर्न सकिन्छ । होसियार हुनुहोस्, जाम हटाउँदा जामले खम्बालाई सार्न सक्छ । यदि जाम खाली गर्न भर्‌याङको प्रयोग गरिएको छ भने, तपाईंलाई भर्‌याङ सुरक्षाका बारेमा प्रशिक्षण दिनुपर्दछ र जाम खुल्ला हुँदा भर्‌याङमा हुँदा छिट्टो अनपेक्षित हल्ला/चाल हुन सक्छ भनेर सचेत हुनुहोस् ।

विस्तारयोग्य कन्भेयरहरू

गतिशील भागहरूबाट टाढा रहनुहोस् र आपत्कालीन रूपमा रोक्न वा अन्य नियन्त्रणले ठीक ढङ्गले काम नगरेको समस्याका बारेमा बताउनुहोस् । यदि तपाईंको अवस्थाले तपाईंलाई विस्तारयोग्य कन्भेयरहरू प्रयोग गर्नुपर्ने बनायो भने, तपाईंले थप प्रशिक्षण प्राप्त गर्नुहुने छ । प्रशिक्षण प्राप्त गर्नुअघि तिनीहरूको प्रयोग नगर्नुहोस्, कृपया तपाईंको सुपरभाइजरसँग साझेदारी गर्नुहोस् ।

होहल्लाको स्तरहरू

वितरण केन्द्रका केही क्षेत्रहरूमा हल्लाको स्तर OSHA PEL स्तरभन्दा माथि छ र श्रवण सुरक्षा आवश्यक छ । कम्पनीद्वारा कानको श्रवण सुरक्षा प्रदान गरिएको छ । यी क्षेत्रहरूमा रहेका कर्मचारीहरूलाई श्रवण सुरक्षा कार्यक्रमका आवश्यकताहरूमा प्रशिक्षण दिनुपर्छ । वार्षिक रूपमा यी क्षेत्रहरूमा काम गर्ने कर्मचारीहरूका लागि अडियोमेट्रिक श्रवण परीक्षण गर्नुपर्दछ ।

पावरयुक्त औद्योगिक वाहन (PIV) सम्बन्धी सुरक्षा

- पावरयुक्त औद्योगिक साधन (PIV's) बाकसमा राखिएको/प्यालेटाइज गरिएको व्यापारिक सामान सार्न प्रयोग गरिन्छ । कुनै पनि PIV बाट टाढा पर्याप्त क्लियरेन्स प्रदान गर्नुहोस् र हिँड्दै गरेको बेलामा PIV हेर्नुहोस् र सुन्नुहोस् ।
- PIV चालकहरू पूर्ण प्रशिक्षणप्राप्त हुन्छन् र PIV सञ्चालन/नियममा प्रमाणित हुनुपर्दछ । PIV प्रशिक्षणको क्रममा, प्रायोगिक अभ्यास र कक्षा कोठाको प्रशिक्षण आवश्यक छ । विशेष PIV उपकरणको सम्बन्धमा PIV प्रशिक्षण नपाएका कर्मचारीहरूले उपकरण चलाउनुहुँदैन ।
- प्रत्येक शिफ्टको सुरुवातमा, PIV अपरेटरले सञ्चालन गर्नुअघि सबै फङ्क्सन र कन्ट्रोलहरूले राम्ररी काम गरिरहेको छ कि छैन भनेर निरीक्षण गरेर PIV निरीक्षण जाँचसूचीमा अभिलेखीकरण गर्नुपर्दछ ।
  - निरीक्षणमा टायर, ब्रेक, हाइड्रोलिक, स्टियरिङ, ब्याट्री चार्ज मिटर र ब्याट्री सुरक्षित रूपमा अडिएको छ कि छैन पक्का गर्ने कार्य पर्दछन् ।
  - कुनै पनि समस्या देखिएमा तत्काल सुविधा सेवाहरूलाई रिपोर्ट गरिनुपर्छ ।
    - ***द्रष्टव्य:*** PIV लाई सुरक्षित ढङ्गले ड्राइभ गर्न सकिन्छ भने सुविधा कार्य क्षेत्रमा चलाउन सकिन्छ ।
- PIV सञ्चालन गर्दा सबै चालकहरूले आफ्नो PIV इजाजतपत्र प्रदर्शन गर्नुपर्दछ ।
- सुविधा सेवाहरूले मात्र ब्याट्री चार्ज गर्न वा परिवर्तन गर्न सक्दछन् ।

ट्रेलरमा प्रवेश गर्नुअघि अपरेटरहरूले निम्न गर्नुपर्छ:

- ट्रेलर लक वा ह्विल चकहरू प्रयोग गर्नुहोस् ।
- डक लक प्रणाली प्रकाश हरियो भएको कुरा सुनिश्चित गर्नुहोस् ।
- डक प्लेट सेट गर्नुहोस् र डक प्लेटमाथि बिस्तारै र सावधानीपूर्वक चलाउनुहोस् ।
- यदि सम्भव भए, ट्रेलर फ्लोर कतै बिग्रिएको वा कमजोर छ कि भनेर जाँच गर्नुहोस् ।
- कन्भर्टिबल-शैलीका डक लिफ्टको शीर्ष भाग छुटाउनुहोस् ।
- प्यालेट ज्याक, डक लिफ्ट र सिट-डाउन लिफ्टहरू मात्र ट्रेलरहरूमा जान सक्छन् ।

ड्राइभिङ सुरक्षा:

- पैदलयात्रीहरूको प्राथमिकता हुन्छ । सबै पैदल यात्रीहरूका लागि रोकिदिनुहोस् वा जान दिनुहोस् ।
- चौबाटोहरूमा र र्‍याकको अन्तमा हुने गल्लीमा, चालकहरू पूर्ण रूपमा रोक्नुपर्दछ र हर्न र ऐना प्रयोग गर्नुहोस् ।
- सुरक्षित गतिमा यात्रा गर्नुहोस् र PIV को गति सीमित गर्न सेट गरिएको कुनै पनि सुरक्षा सुविधा निष्क्रिय नगर्नुहोस् ।
- बिस्तारै र ध्यानपूर्वक मोड्नुहोस् ।
- यात्राको दिशामा हेर्नुहोस् ।
- कुनै स्थिर वस्तुको नजिक पुग्दा 10-12 फिट रोक्ने दूरी राख्नुहोस् ।
- लोड बोक्दा सधैँ उत्तम ढङ्गले देखिने दिशामा यात्रा गर्नुहोस् । यसमा फोर्क ट्रेलिङसहित ड्राइभिङ पर्न सक्छ ।
- पहिलो स्थानमा फोर्कहरूसहित सिट-डाउन लिफ्ट ड्राइभ गर्दा र अगाडिको दिशामा चलाउँदा बारम्बार मास्ट र लोडको वरिपरि हेर्नुहोस् ।
- एउटै दिशामा यात्रा गरिरहेको कुनै पनि गतिशील PIV को बाटो काट्नु निषेध छ ।
- चिसो र चिप्लो भुइँ सतहहरूबाट टाढा रहनुहोस् ।
- भुइँमा भएका वस्तुहरूमाथि गाडी नचलाउनुहोस् ।

र्‍याम्पहरू:

- डक प्लेटहरूलगायत सबै ग्रेड (र्‍याम्पहरू) मा, लोडलाई पछाडि ढल्काउनुहोस् र सडकको सतह खाली गर्न चाहिनेसम्म माथि उठाउनुहोस् ।
- फोर्कलिफ्ट ड्राइभ गर्दा, PIV का लोड र फोर्कहरू र्‍याम्पमा माथितिर फर्केको हुनुपर्ने छ ।
- प्यालेट ज्याक (PJ) चलाउँदा, फोर्क र लोड र्‍याम्पमा तलतिर फर्केको हुनुपर्ने छ ।

- PIV पार्किङ गर्दा, दमकल (अग्नि उपकरण), भर्‌याङ र प्रस्थान द्वार ब्लक नभएको (अवरोध नभएको) सुनिश्चित गर्नुहोस् ।
- सवारी चालक इजाजतपत्रमा पहिचान गरेअनुसार मोटर सवारीहरूको सञ्चालनका लागि सुधारात्मक लेन्सहरू (चश्मा वा कन्ट्याक्ट लेन्स) प्रयोग गर्नुपर्ने कर्मचारीहरूले PIV चलाउँदा पनि सुधारात्मक लेन्सहरू लगाउनुपर्दछ ।
- ओभरहेड अवरोधबाट बच्न, PIV लाई अगाडि बढाउँदा वा पछाडि सार्दा फोर्क (मास्ट) लाई तल वा माथि नगर्नुहोस् ।
- PIV लाई छोड्दा वा ट्रकबाट 25 फिट भन्दा टाढा छ भने फोर्कहरूलाई भुइँमा झार्नुहोस्, कन्ट्रोलहरूलाई न्युट्रलमा राख्नुहोस् वा पावर अफ (चाबी स्विच) गर्नुहोस् ।
- फोर्कहरू माथितिर उचालिएको बेला कसैलाई पनि फोर्कहरूमा चढ्न वा फोर्कहरू पार गरेर हिँड्न वा फोर्कमुनि उभिन नदिनुहोस् ।
- PIV सञ्चालन गर्दा पानीलगायत खाना वा पेय पदार्थ, मोबाइल वा इलेक्ट्रोनिक उपकरणहरू र हेडफोनहरू निषेधित छन् ।
  - सञ्चारका लागि प्रयोग हुने दुईतर्फी रेडियो र रेडियो फ्रिक्वेन्सी स्क्यान गनहरू चलाउन पाइन्छ ।
- प्रतिबन्धित क्षेत्रमा PIV सञ्चालन गर्न निषेधित छ ।
- अपरेटर कम्पार्टमेन्टमा निर्माणकर्ताको सिफारिसअनुरूप उचित स्ट्यान्स प्रयोग गर्नुहोस् ।

लोडका बारेमा ध्यान दिनुपर्ने कुराहरू:

- लोड अगाडि बढाउनु / ढुवानी गर्नुअघि स्थिर राख्नुहोस् र सुरक्षित ढङ्गले मिलाउनुहोस् ।
- अफ-सेन्टर (केन्द्रमा नरहेको) लोडहरू ह्यान्डल गर्दा सावधानी अपनाउनुहोस्, जसमा निम्नलगायत पर्दछन्:
- लोडलाई पूरै मास्ट, ब्याकरेस्ट वा "फोर्क-फेस" मिलाउने ।
- यदि लागू हुने भएमा साइड शिफ्ट समायोजन गर्ने ।
- पहिचान (आइडेन्टिफिकेसन) प्लेटमा रहेको रेटेड PIV वजन क्षमताभित्रको लोड मात्र राख्नुहोस् ।
- अट्याचमेन्टसहितका PIV हरूलाई आंशिक रूपमा लोड गरिएको PIV को रूपमा चलाउनुपर्दछ ।
  - PIV अपरेटरहरूले अट्याचमेन्टले PIV को क्षमता र स्थिरतामा कसरी परिवर्तन ल्याउँछ भन्ने कुरा बुझ्नुपर्दछ ।

PIVहरूका लागि लड्नबाट सुरक्षा र सार्न मिल्ने द्वारहरू भएका उठाइएका किनाराहरू

विशेष PIV (सामान पिकरहरू, क्रेनहरू, टरेटहरू) हरूमा हुँदा लड्न/खस्नबाट बचाउने उपकरण लगाउनुपर्छ र तपाईंले आवश्यक प्रशिक्षण प्राप्त गर्नुहुने छ । कम्पनीद्वारा उपलब्ध गराइएको लड्न/खस्नबाट बचाउने सुरक्षा हार्नेस, डोरी र क्याराबिनर मात्र प्रयोग गर्न मिल्छ । खस्ने सुरक्षा प्रयोग गर्नुअघि निरीक्षण गर्नुपर्छ, सही तरिकाले लगाउनुपर्छ र सही तरिकाले भण्डारण गर्नुपर्छ । कुनै पनि बिग्रिएको उपकरण प्रयोग गर्नुहुँदैन । DC भित्रका केही क्षेत्रमा अग्लो, खुला छेउ भएको तल्ला हुन सक्छ जहाँ कर्मचारीले उत्पादन/बाकसहरू स्वीकार्नुपर्न सक्छ; यस्तो अवस्थामा परिस्थितिअनुसार खस्नबाट बचाउने सुरक्षा आवश्यक पर्न सक्छ । यी केही क्षेत्रहरूमा खस्ने अवस्थाको सुरक्षा आवश्यक छ भने, तपाईंको सुपरभाइजरले तपाईंलाई सम्पर्क गर्ने छ ।

हाउसकिपिङ

हाउसकिपिङ कार्यस्थल सुरक्षाको एउटा प्रमुख कारक हो । नराम्रो हाउसकिपिङले चिप्लने, ठेस लाग्ने र खस्नेका साथै आगलागीको खतरा र खस्ने सामानहरूबाट हुने खतरा निम्त्याउँदछ । सबै पैदलयात्रीहरू हिँड्ने बाटोलाई भण्डारणबाट टाढा राख्नुहोस् ।

बाहिर निस्कने ठाउँमा जाने बाटोमा कम्तीमा 28-इन्च चौडाइ खुल्ला राख्नुपर्छ । सबै निस्कने ठाउँरू सधैँ खाली राख्नुपर्दछ । आपत्कालीन उपकरणहरू, जस्तै आगो निभाउने यन्त्र वा अलार्मलाई ब्लक नगर्नुहोस् ।

सामान खसेर लाग्ने जोखिम न्यूनीकरण गर्न सुरक्षित तरिकामा बाकस, कन्टेनर र कुनै पनि अन्य वस्तु मिलाएर राख्नुहोस् । टाउको माथिबाट सामान खस्ने जोखिम कम गर्न शेल्फमा सामानहरू सुरक्षित रूपमा भण्डारण गर्नुहोस् । दराज/र्‍याकको अट्ने क्षमताभन्दा बढी नराख्नुहोस् । सबै म्याटहरू सुरक्षित रहेको र ठेस लाग्ने जोखिम ननिम्त्याउने कुरा सुनिश्चित गर्नुहोस् । धेरै म्याटहरू नराख्नुहोस् वा एउटा म्याटमुनि केही नराख्नुहोस् । प्रयोग गरेपछि फाइलको ड्रअर र क्याबिनेटहरू सधैँ बन्द गर्नुहोस् । सबै पोखिएका कुराहरूलाई तुरुन्तै सफा गर्नुहोस् । चोटपटक लाग्न सक्ने र्‍याक वा उपकरणहरूको कुनै खस्रो र तीखो छेउहरूको बारेमा बताउनुहोस् । थाक वा भण्डारण गरिएको मालसामानको माथिल्लो भाग र सिलिङको स्प्रिङ्क्लर हेडको बिच कम्तीमा 18 इन्च खाली राख्नुहोस् । ठेस लाग्ने जोखिम कम गर्न र सम्भावित आगलागीका लागि इन्धन बन्न सक्ने वस्तुहरू कम गर्न फोहोर र भत्किएका टुक्राहरू सफा गर्नुहोस् ।

रद्दी/कोरगेट कम्प्याक्टरहरू

तपाईंको शरीरको कुनै पनि भागलाई रद्दीटोकरी/सामान बेरेको कम्प्याक्टरमा कुनै पनि कारणका लागि नराख्नुहोस् । कुनै पनि कारणका लागि दुर्घटनावश फालिएको सामान निकाल्न रद्दीटोकरी कम्प्याक्टरभित्र हिँड्ने/चढ्ने नगर्नुहोस् । जाम खाली गर्ने प्रयास नगर्नुहोस् वा रद्दीटोकरी कम्प्याक्टरमा कुनै पनि कारणका लागि मर्मत गर्ने प्रयास नगर्नुहोस् । जाम खाली गर्न वा रद्दीटोकरीलाई धकेल्ने प्रयास गर्न पोल, झाडु वा अन्य वस्तु मेसिनमा नघुसाउनुहोस् । यदि रद्दी टोकरी कम्प्याक्टरसम्बन्धी कुनै समस्या छ भने आफ्नो सुपरभाइजरलाई सम्पर्क गर्नुहोस् ।

प्राथमिक उपचार र रगतबाट सर्ने प्याथोजेन

आपत्कालीन वा चोटपटक लागेको अवस्थामा, सामान्यतया सम्पत्ति संरक्षणका विशेष ढङ्गले तालिमप्राप्त कर्मचारीहरूले आपत्कालीन अवस्थामा प्राथमिक उपचार वा अन्य चिकित्सा उपचार प्रदान गर्ने अपेक्षा गरिन्छ । कर्मचारीहरूले अन्य कर्मचारीहरूलाई प्राथमिक उपचार गर्ने अपेक्षा गरिएको छैन । तपाईंले गल्तीले रगत (वा शरीरका अन्य तरल पदार्थहरू) छुनुभयो भने वा राम्रो उद्दारकर्ताको रूपमा सम्पर्कमा आउनुभयो भने, तपाईंको सुपरभाइजरलाई तुरुन्तै सूचित गर्नुहोस् । रगत र शरीरका अन्य तरल पदार्थको सम्पर्कबाट टाढा रहनाले रगतले सार्ने रोगहरूको जोखिम कम गर्दछ । ल्याटेक्स पञ्जाहरू प्रयोग गर्नुहोस् र पछि हातहरू राम्रोसँग धुनुहोस् । यस प्रकारको अवस्थाका बारेमा खबर गर्न तपाईंको सुपरभाइजरलाई सम्पर्क गर्नुहोस् ।

सबै व्यक्तिका शरीरबाट निस्कने तरल पदार्थहरूलाई हानिकारक र सङ्क्रामक एजेन्टहरू हुन सक्ने मान्नुपर्दछ । किनभने शरीरबाट निस्कने तरल पदार्थमा आउँदा सङ्क्रमणको जोखिम निम्त्याउँछ, शरीरबाट निस्कने तरल पदार्थसँग सीधा सम्पर्कबाट टाढा रहनुपर्छ । घाइते वा बिरामी कर्मचारीको उपचार प्रशिक्षित र पर्याप्त मात्रामा संरक्षित सम्पत्ति संरक्षण वा चिकित्साकर्मीहरूको हातमा छोडिदिनुहोस् ।

रासायनिक सुरक्षा र खतरासम्बन्धी सञ्चार

कहिलेकाहीँ काममा रासायनिक उत्पादनहरू प्रयोग गर्नुपर्ने हुन्छ । कर्मचारीसँग काम गर्ने कुनै रसायनिक वस्तुका बारेमा जान्ने अधिकार रहेको छ । यी उत्पादनका उदाहरणहरूमा भुइँ र सतह सफा गर्ने घोल, पेन्ट र मसी र टोनर कार्ट्रिजलगायत पर्दछन् । सबै सफा गर्ने वस्तु/कीटाणुनाशक चीजहरूलाई कन्टेनरमा राखेर सामग्रीको नामले लेबल गरेर राखिएको हुनुपर्दछ । कुनै उत्पादन प्रयोग गर्नुअघि जहिले पनि सोको बारेमा पढ्नुहोस् । तपाईंलाई निम्न कुराहरू थाहा हुनुपर्छ:

- उत्पादनलाई सुरक्षित ढङ्गले कसरी ह्याण्डल गर्ने ।
- रसायनसँगको सम्पर्कले सुरक्षामा कसरी प्रभाव पार्न सक्छ र कस्ता व्यक्तिगत सुरक्षात्मक उपकरणहरू (PPE) सिफारिस गरिएको छ ।
- उचित प्राथमिक उपचार प्रक्रिया ।
- थप जानकारीका लागि कसलाई सम्पर्क गर्ने ।

महत्त्वपूर्ण जानकारी निम्नलगायत धेरै स्थानहरूमा फेला पार्न सकिन्छ:

- उत्पादनको लेबलहरू — कन्टेनरमा राखिएको जानकारी ।
- उत्पादन प्याकेज — बाहिरी प्याकेज (खोल) मा राखिएको जानकारी
- सुरक्षा डाटा शिट (SDS) — तपाईंका लागि तत्काल अध्ययन गर्न जानकारीमूलक पर्चाहरू उपलब्ध हुन्छन् । कुनै उत्पादनका लागि SDS हेर्न चाहनुहुन्छ भने आफ्नो सुपरभाइजर वा 3E कम्पनीलाई 1.800.451.8346 डायल गरी सम्पर्क गर्नुहोस् । SDS ले खतरा, कुनै पनि सम्भावित स्वास्थ्य जोखिम, प्राथमिक उपचार प्रक्रिया, कुनै आवश्यक व्यक्तिगत सुरक्षात्मक उपकरण र थप जानकारी समावेश गर्दछ ।
- उत्पादनको उत्पादक — अधिकांश उपभोग्य उत्पादनहरूको प्याकेज (खोल) मा 800 नम्बर हुन्छ जुन तपाईं उत्पादन सुरक्षा जानकारीका लागि कल गर्न सक्नुहुन्छ ।

सफा गर्ने तत्व वा रसायनबाट हुने कुनै समस्या र सफा गर्ने तत्व / कीटाणुनाशक पदार्थ/ रसायनबाट छाला/आँखाको बारेमा रहेका समस्याहरूका बारेमा बताउनुहोस् ।

सिपिङ र डिस्पोजल

हाम्रा केही उत्पादनहरूलाई सिपिङ वा डिस्पोजल गर्ने सम्बन्धमा विशेष ध्यान दिनुपर्ने हुन्छ । यी "नियन्त्रित उत्पादनहरू," जस्तै एरोसोल, सुगन्धजन्य उत्पादन र मदिरायुक्त जेलहरू, विशेष नियमहरू बमोजिम ह्यान्डल गर्नुपर्ने हुन्छ ।

हामी डिस्पोजल र ढुवानी गर्ने नियमहरू पालना गर्दछौँ । तपाईं सही ढङ्गले प्रशिक्षित हुनुपर्दछ र यी मापदण्डहरूको पालना गर्ने पर्छ ।

विद्युतीय सुरक्षा

विद्युतीय उपकरणहरू प्रयोग गर्दा, कर्ड र प्लगमा कुनै क्षति हुनुहुँदैन र ग्राउन्डिङ प्रङ्गहरू हराएका वा विद्युतीय कर्डहरू बिग्रिएका हुनुहुँदैन । झट्का लाग्ने वा विद्युतीय जोखिम प्रदान गर्ने कुनै पनि विद्युतीय उपकरणहरूका बारेमा तुरुन्तै खबर गर्नुपर्छ र तुरुन्तै प्रयोग बन्द गर्नै पर्दछ । स्थायी वायरिङको रूपमा एक्सटेन्सन कर्डहरू प्रयोग नगर्नुहोस् । विद्युतीय प्यानलहरूको आपत्कालीन अवस्थामा उचित पहुँच सुनिश्चित गर्न विद्युतीय प्यानलहरूको अगाडि 3 फिट क्लियरेन्स हुनैपर्छ ।

योग्य र अनुमतिप्राप्त अनुबन्धित इलेक्ट्रिसियन वा योग्य कारखाना मर्मत कर्मचारीहरूले मात्र कम्पनीको सम्पत्ति वा उपकरणहरूमा विद्युतीय कार्य गर्न पाउँछन् ।

- विद्युतीय कार्यको जिम्मा जहिले पनि योग्य कामदारहरूको हातमा छोडिदिनुहोस् ।
- विद्युतीय सुरक्षासम्बन्धी सबै नियमहरू पालना गर्नुहोस् — नाङ्गा तारहरू कहिल्यै नछुनुहोस् ।
- उपकरण लेबल, ट्याग, सङ्केत र बारहरू जस्ता विद्युतीय जोखिमसम्बन्धी चेतावनीलाई ध्यान दिनुहोस् ।
- धातुका उपकरण वा भर्‌याङलाई कहिले पनि विद्युतीय लाइन वा विद्युतयुक्त स्रोतहरूको सम्पर्कमा आउन नदिनुहोस् ।

स्टिमर सुरक्षा

स्टिमरहरू प्रयोग गर्दा अर्को हातलाई स्टिमपाथबाट टाढा राख्नुहोस् र विद्युतीय कर्ड र प्लग बिग्रिएको छैन भनेर सुनिश्चित गर्नुहोस् ।

प्राकृतिक तथा अन्य विपत्तिहरू

आगलागीको रिपोर्ट गर्ने र आगलागी भएको ठाउँबाट निस्किने

तपाईंको कार्यक्षेत्रमा आगलागी हुँदा खाली गर्ने मार्गहरू र आगो निभाउने यन्त्रहरू र अग्नि सूचक कहाँ-कहाँ राखिएका छन् भन्नेबारे सचेत रहनुहोस् । आगलागी हुँदा, आपत्कालीन कार्यसञ्चालन केन्द्र (1.800.765.7465) लाई सूचित गर्नका लागि कम्पनीको टेलिफोन प्रयोग गर्नुहोस् । यदि तत्काल फोन उपलब्ध भएन भने, सबैभन्दा नजिकको आपत्कालीन पुल स्टेशनमा जानुहोस् र आपत्कालीन प्रतिक्रिया सुरु गर्न यसलाई सक्रिय गर्नुहोस् । केही अवस्थाहरूमा, पुल स्टेशन सक्रिय गरेर तत्काल सुन्न सकिने हर्न र देख्न सकिने स्ट्रोबहरू सक्रिय नहुन सक्छ; यद्यपि सबै अवस्थामा पुल स्टेशनको सक्रिय गराएपछि आपत्कालीन सूचना सम्पत्ति संरक्षणमा पठाउने छ, जसले अलार्मको अनुसन्धान गर्ने छ । चिकित्सा आपतकालीन अवस्थाहरूमा जस्तै, DC भरि रहेका ब्लु लाइट आपतकालीन कल बक्सहरू वा कम्पनी फोनबाट कल गर्नु जरुरी हुन्छ, ताकि स्थापित सुरक्षा प्रक्रियाहरू कार्यान्वयन हुने र बाहिरी सुरक्षाकर्मीहरूलाई छिटो र सटीक ढङ्गले निर्देशित गरिने कुरा सुनिश्चित होस् । तपाईंले मोबाइल फोनबाटै आपत्कालीन नम्बरमा कल गर्नुपर्‌यो भने, आगोको सम्पूर्ण सम्बन्धित विवरणहरू प्रदान गर्न पछि तुरन्तै HR वा सम्पत्ति संरक्षण निकायलाई सम्पर्क गर्नुहोस् । आगो निभाइसकेर वा अग्नि विभागबाट प्रतिक्रियाको आवश्यकता छैन भने पनि घटनाको रिपोर्ट गर्न HR वा क्याम्पस सम्पत्ति संरक्षण निकायसँग सम्पर्क राख्नुहोस् ।

आकस्मिक बत्ती र बाहिरिने सङ्केत र आगो निभाउने यन्त्र

सबै आपत्कालीन बत्ती र बाहिर निस्कने सङ्केतहरूलाई उनीहरूले ठीकसँग काम गर्दछन् भनेर निरीक्षण गरिन्छ । तपाईंले कुनै आपत्कालीन बत्ती वा बाहिर निस्कने चिन्हलाई नोक्सान भएको देख्नुभयो भने, DC प्रमुखलाई सूचित गर्नु महत्वपूर्ण रहेको छ ।

आगो निभाउने यन्त्रहरू

आगो निभाउने यन्त्रहरू सबै कारखानाहरूमा प्रदान गरिएको छ र साना, प्रारम्भिक चरणको आगलागीसँग लड्न प्रयोग गर्न सकिन्छ । सहयोगीहरूलाई कहिल्यै पनि आगो निभाउने यन्त्र प्रयोग गर्न आवश्यक पर्दैन । आगो निभाउने यन्त्रलाई तिनले आपत्कालीन अवस्थामा ठीकसँग काम गर्दछन् कि गर्दैनन् भनेर पक्का गर्न आवधिक रूपमा निरीक्षण गरिन्छ । आगो निभाउने यन्त्र वरिपरि अवरोध हुन नदिनुहोस् र छेक्न नदिनुहोस् । अति धुवाँ नहुँदा, आगो निभाउने यन्त्र प्रयोग गर्दा कर्मचारीलाई कुनै जोखिम नहुँदा र आगोबाट आपत्कालीन निकासका लागि स्पष्ट मार्ग हुँदा मात्र तिनको प्रयोग गर्न सकिन्छ । एकै आगो निभाउने यन्त्र प्रयोग गरेर सजिलै निभाउन नसकिने आगोसँग कहिल्यै लड्ने प्रयास गर्नुहुँदैन । अति गम्भीर प्रकृतिको आगलागीको जिम्मा अग्नि विभागलाई छोडिदिनुहोस् ।

आगो निभाउने उपकरण प्रयोग गर्न उचित हुँदा, PASS विधी प्रयोग गर्नुहोस्:

- सेफ्टी पिन तान्नुहोस् र आगोबाट सुरक्षित दूरी (कम्तीमा 8 फिट पर) उभिनुहोस् ।
- आगोको पिँधमा लक्षित गर्नुहोस् ।
- ह्यान्डल थिच्नुहोस् ।
- आगोको पिँधमा बढार्नुहोस् ।

कार्यस्थलमा आगलागी हुन नदिने

हामी आगलागीसम्बन्धी प्रचलित संहिता र कानुनको पालना गर्दछौँ । त्यसबाहेक, हामी सञ्चार र प्रशिक्षणमार्फत कर्मचारीहरूलाई आगलागी रोकथामको विषयमा शिक्षा प्रदान गर्न प्रतिबद्ध छौँ ।

कार्यस्थलमा आगलागीको प्रमुख कारण विद्युतीय उपकरण हो । निम्नानुसार निस्केका झिल्का वा तापले आगलागी सुरु हुन सक्छ:

- बिग्रिएका तार र वाइरिङहरू ।
- दोषपूर्ण विद्युतीय उपकरणहरू ।
- अधिक लोडयुक्त आउटलेट वा सर्किटहरू ।
- खुकुला विद्युतीय जडानहरू ।
- लाइटिङ वा विद्युतीय मेसिनरी जुन ज्वलनशील तरल पदार्थको सम्पर्कमा आउँदछ ।

यी सावधानीहरू कार्यान्वयन गरेर कार्यस्थलमा आगलागी हुनबाट रोक्नुहोस्:

- विद्युतीय प्यानल वरिपरि तीन फिट निकासा कायम गर्नुहोस् ।
- असल हाउसकीपिङ अभ्यास गर्नुहोस् - कागज, कार्डबोर्ड वा दहनशील सामग्री जम्मा हुन नदिनुहोस् ।
- आउटलेटहरू ओभरलोड नगर्नुहोस् ।
- काटिएका, गुजुल्टिएका वा बिग्रिएका प्लग वा तारहरू भएका कुनै पनि विद्युतीय उपकरणहरू सेवाबाट हटाउनुहोस् ।
- फाल्नुअघि मैनबत्ती बाल्न प्रयोग गरिने सलाई जस्ता आगोका सबै स्रोतहरू ठीकसँग निभाउनुहोस् ।
- स्पेस हिटरको प्रयोग निषेधित छ ।
- बिजुलीबाट लागेको आगोमा कहिल्यै पानी नफाल्नुहोस् ।

गम्भीर मौसम

तीव्र हुरी चलेको मौसमको अवस्थामा, विशेष गरी जाडोको मौसममा, व्यवसाय सञ्चालनलाई असर गर्ने मौसमको बारेमा जान्न मौसम लाइन (1-800-945-1001) मा फोन गर्नुहोस् ।

आँधीबेहरी, हुरी बतास आदि जस्ता गम्भीर मौसमको स्थिति देखा पर्दा कर्मचारीहरू काममा हुँदा, सम्पत्ति सुरक्षा टोलीहरूले सुपरभाइजरहरूलाई सूचित गर्ने छन् र कर्मचारीहरूलाई उचित सुरक्षा प्रक्रियाको अनुसरण गर्ने आशा गरिन्छ ।

भुमरी/गम्भीर मौसम

तूफान वा अति गम्भीर मौसमको घटनामा, एसेट प्रोटेक्सनले सार्वजनिक ठेगानामा घोषणा गर्नेछ । एक पटक गम्भीर मौसमको घोषणा भएपछि, तोकिएको गम्भीर मौसमी अवस्थाको आश्रय क्षेत्र वा बाहिरको झ्यालबाट टाढा अन्य ठाउँमा जानुहोस् । गम्भीर मौसमी पुनर्वास क्षेत्र DC मा स्थापित गरिएका छन् ।

भूकम्प

भूकम्प आएको अवस्थामा:

- ढोकाको चौकटमा वा अन्य सुदृढ बनाइएको क्षेत्रमा आश्रय खोज्नुहोस् ।
- आकाशे बत्ति, झुण्डिएका सामान, पोल, वा अग्लो दराजहरूको तल नउभिनुहोस् ।
- फर्निचरको बलियो पाता जस्तै डेस्क वा टेबुल मुनि आश्रय खोज्नुहोस् । यसले झर्ने वस्तु वा भत्किएको चीजबाट सुरक्षा प्रदान गर्न सक्दछ ।
- भूकम्पपछि, भुइँमा झरेका बिजुलीका तारहरूबाट होसियार हुनुहोस् र सबैभन्दा सुरक्षित माध्यमबाट बाहिर र्‍याली हुने पोइन्टमा जानुहोस् ।

VS&Co

VICTORIA'S SECRET & CO.

सेप्टेम्बर 2026 मा अद्यावधिक गरिएको